# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ | संख्याः ११ | मितिः २०७८/०३/०६

## भाग-२

## भरतपुर महानगरपालिकास्तरीय विपद् राहत मापदण्ड,२०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

प्रमुख

Scanned with CamScanner

# भरतपुर महानगरपालिकास्तरीय विपद् राहत मापदण्ड २०७८

## १. प्रस्तावना

भरतपुर महानगरपालिका विभिन्न प्रकोपहरुसंग सम्मुख रहेको, प्रकोपहरु विपद्को रुपमा परिवर्तन भै आपत्कालीन अवस्था आउने गरेको र जीउधनको क्षति भैरहेको, क्षति नोक्सानी कम गर्न महानगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ तथा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा २०७८ समेत पारित गरेको अवस्थामा यी कानूनी तथा नीतिगत अवस्था अनुसार र नेपाल सरकारको विपद् पीडित् उद्धार र राहत सम्वन्धी मापदण्ड ( २०७७) समेतको आधारमा प्रभावितहरुको लागि स्पष्ट मापदण्डका साथ राहत उपलब्ध गराउन आवश्यक भएकोले यो **भरतपुर महानगरपालिकास्तरीय विपत राहत मापदण्ड २०७८** जारी गरिएको छ ।

## २. नाम र परिभाषा

**२.१ संक्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम **भरतपुर महानगरपालिकास्तरीय विपद् राहत मापदण्ड २०७८** रहने छ । यो मापदण्ड कार्यपालिका बैठकवाट स्वीकृत भएपछि लागू हुनेछ ।

२.२ यस मापदण्डमा प्रयोग भएका मुख्य शब्द तथा वाक्यांशलाई निम्नानुसार वुझिनेछ ।

- "प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुखलाई जनाउँछ ।
- "उपप्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको उपप्रमुखलाई जनाउँछ ।
- "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।
- "आपतकालीन अवस्था" भन्नाले जन वा धनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्काले उद्धार गर्नुपर्ने विपदको अवस्था सम्झनुपर्छ ।
- "केन्द्र" भन्नाले भरतपुर महानगरपालिकामा रहेको आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ ।
- "महानगरस्तरीय विपद व्यवस्थापन समिति" भन्नाले भरतपुर महानगरपालिकाको महानगरस्तरीय विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।
- "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपद् व्यवस्थापन र राहत कार्यमा संलग्न हुने वा हुन सक्ने सरकारी तथा गैर सरकारी निकायहरू र सामुदायिक सङ्घ संस्थालाई सम्झनु पर्छ र सो शव्दले संयुक्त राष्ट्रसंघीय वा अन्य अन्तर्राष्ट्रिय सङ्घ संस्थालाई समेत जनाउँछ ।
- "राहत" विपद्को समयमा वा विपद्वाट प्रभावित हुने सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि असर कम गर्न, मानवीय पीडा कम गर्न र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सि सहयोगलाई जनाउँछ ।

Scanned with CamScanner

- "आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना" भन्नाले भरतपुर महानगरपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जनाउँछ ।
- "आपतकालीन कोष" भन्नाले भरतपुर महानगरपालिकाले आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यको सम्वन्धी कार्य गर्न स्थापना गरिएको छुट्टै कोषलाई जनाउँछ ।
- "विषयगत क्षेत्र" भन्नाले भरतपुर महानगरपालिकाको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने सांगठनात्मक संरचनामा रहेका र विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्यटोलीलाई सम्झनुपर्छ ।

## ३. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन

१) आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको सांगठनिक संरचना अनुसार महा नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा विपद् शाखा र त्यस अन्तरगत रहेको आपत्कालीन कार्यसंचालन केन्द्रका सदस्यहरु सम्मिलित गराई राहत व्यवस्थापन तथा वितरण समन्वय समिति गठन गरिनेछ ।

२) यस समितिमा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विपद् शाखा र आपत्कालीन कार्यसंचालन केन्द्रका प्रमुख सदस्यहरु रहनेछन् । समितिमा आवश्यकता अनुसार अन्य व्यक्तिलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

३) वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा राहत वितरण समन्वय समिति रहनेछ । समितिका सदस्यहरुमा वडाका वडा सदस्यहरु, रेडक्रसका प्रतिनिधि, नेपाल प्रहरीको प्रतिनिधि र वडा अध्यक्षले मनोनयन गरेका अन्य २ जना र सदस्य सचिवमा वडा सचिव रहने छ ।

## ४. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार

।

१) राहत वितरणको लागि आपत्कालीन कोषमा आवश्यक रकम जम्मा गर्ने ।
२) विपद्‌वाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने ।
३) राहत वितरण गर्दा प्राथमिकताको आधारमा राहत वितरण गर्न लगाउने ।
४) विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाई सो अनुसार मात्र राहत वितरण गर्न लगाउने ।
५) राहत वितरण कार्य महानगर स्तरीय आपत्कालीन कार्यसंचालन केन्द्रको समन्वयमा एकद्धार प्रणाली मार्फत गर्न लगाउने ।
६) राहत वितरण कार्यको अनुगमन तथा मूल्याँकन गर्ने ।
७) आवश्यकता अनुसार वडास्तरमा वडास्तरीय राहत वितरण तथा समन्वय समितिहरु गठन गरी विषयगत क्षेत्रमा हुने राहत वितरणमा सहभागी गराउने ।
८) जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी केन्द्रमार्फत राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने ।

## ५. राहत वितरणको लागि अपनाइने सिद्दान्तहरु

महानगरपालिकाले राहत वितरणका लागि निम्नानुसारका सर्वमान्य मानवीय सहयोग सम्बन्धी सिद्धान्तहरु आत्मसाथ गर्नेछ ।

| मानवीयता | तटस्थता | निष्पक्षता | स्वतन्त्रता |
|---|---|---|---|
| राहत वितरणको उद्धेश्य जीउधन तथा स्वास्थ्य संरक्षण गर्ने रहनेछ । | राहत वितरण गर्दा नगरपालिकाले कुनै विषेष वर्ग, समुह, जाति, धर्म वा राजनीतिक आस्थाको पक्ष लिने छैन । | आपतकालीन आश्यकतालाई ध्यानमा राख्दै तत्कालीन आवश्यकतालाई आधार मानिनेछ र कुनै पनि समुहको पक्ष लिइने छैन । | राहत वितरण कार्य कुनै पनि राजनीतिक, आर्थिक वा सैन्य उद्धेश्यसंग जोडिने छैन । |

माथिका सिद्धान्तहरु महानगरपालिका तथा मानवीय सहयोग गर्ने संघसंस्थामा पनि लागु हुनेछ । यसका साथै मानवीय सहयोग उपलव्ध गराउने संघ संस्थाले राहत वितरण कार्य गर्दा राजनीतिक, धार्मिक, साम्प्रदायिक, जातीय तथा सांस्कृतिक प्रभाव पार्न पाइने छैन । राहत वितरण गर्दा महानगरपालिकाले अन्तराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आत्मसाथ गर्नेछ । आत्मसाथ गरिने केही मापदण्डहरु यस प्रकारका रहेका छन् :

१) मानवीय वडापत्र तथा मानवीय प्रतिकार्यका न्यूनतम मापदण्ड ( Sphere मापदण्ड)

२) आधारभूत मानवीय मापदण्ड

३) विपद् पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड, २०६४ (सातौ संशोधन २०७७)

**६. राहत प्राप्त गर्ने व्यक्ति तथा परिवारको छनौट :**

महानगरपालिकाले राहत वितरणको लागि पारदर्शी राहत वितरण मापदण्ड अपनाउनेछ । राहतलाई दया वा मायाको कारणले उपलव्ध नगराई आपकालीन अवस्थामा विपद् पिडितले पाउने अधिकारको रुपमा लिइनेछ । राहत कार्यमा प्रभावित समुदायको समान पहुंचको प्रत्याभूति हुनेछ । यसका साथै संकटासन्न समुदाय तथा व्यक्तिहरुलाई राहत वितरणमा प्राथमिकता दिइनेछ ।
श्रोतको उपलब्धताको आधारमा निम्नानुसारका आधारहरुलाई आत्मसाथ गरी राहत वितरण गरिने व्यक्ति तथा परिवार छनौट गरिनेछ ।

- मानवीय क्षति तथा घाइतेको संख्या
- पूर्ण रुपमा क्षति भएको घर
- आंशिक रुपमा क्षति भएको घर
- आयश्रोतमा परेको असर
- विशेष आवश्यकता भएका व्यक्तिहरु: ज्येष्ठ नागरिक, वालवालिका, अपांगता भएका व्यक्ति, विरामी, एकल महिला, सुत्केरी तथा गर्भवती महिला, रोजगारी वा नियमित आयश्रोत नभएका परिवार, वालवालिका, सुकुम्वासी, आदि

विशेष प्रकारको आपतकालीन अवस्था सिर्जना भएमा राहत सामाग्री प्राप्त गर्ने व्यक्तिको आधार किटान गर्न सकिनेछ । उदाहरणको लागि कोभिडको लागि यस प्रकारको छनौटको आधार लिन सकिन्छ ।

- पसलवाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने अति विपन्न श्रमिक ।
- पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने, वाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने अति विपन्न व्यक्ति ।
- ट्रक, ट्रिपर, भ्यानमा सामान लोड अनलोड गर्ने अति विपन्न श्रमिक ।
- अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।
- आफ्नो नातेदार वाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।
- गिटी कुट्ने, वालुवा चाल्ने तथा इट्टा भट्टामा काम गर्ने मजदुर ।
- निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका अति विपन्न मजदुर ।
- नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकिलमा सामान विक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने अति विपन्न मजदुर ।
- सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।
- स्याहार सुसार र हेरविचार गर्ने व्यक्ति नभएको शारिरीक तथा मानसिक रुपले पूर्ण अशक्त अपाङ्गता भएको अति विपन्न नागरिक । स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।
- माथि उल्लेख भएकावाहेक वडास्तरीय राहत व्यवस्थापन तथा वितरण समितिले पहिचान गरेका अन्य व्यक्तिहरु ।

## ७. राहतको परिणाम

७.१ विपद् पीडित उद्धार र राहत मापदण्डलाई आधार मानी विपद् प्रभावित व्यक्ति तथा परिवारलाई निम्नानुसारको राहत उपलब्ध गराइनेछ :

क ) विपद्को घटनामा परी कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु २ लाखका दरले राहत रकम उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गरी राहत उपलब्ध गराउने ।

ख) विपद्को घटनामा परी कुनै परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु १ लाखका दरले राहत रकम उपलब्ध गराउन जिल्ला विपद समितिसंग समन्वय गर्ने ।

ग ) विपद्को घटनामा परी कुनै परिवारमा सबै व्यक्तिको समेत मृत्यु भएमा कसैलाई पनि राहत रकम उपलब्ध नगराउने ।

घ ) विपद्वाट घर, वहाल, आवास नष्ट भएमा वा खाद्यान्न वाली वा जग्गा जमिन र पसलमा नोक्सानी भै तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको अवस्थामा ५ जनासम्मको परिवारलाई रु १५,००० सम्म उपलब्ध गराउने ।



Scanned with CamScanner

ङ ) विपदबाट घर, वहाल, आवास नष्ट भएमा वा खाद्यान्न वाली वा जग्गा जमिन र पसलमा नोक्सानी भै तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको अवस्थामा ५ जनाभन्दा बढी परिवारलाई रु. २०,००० उपलब्ध गराउने ।

च ) विपदको घटनामा परी खाद्यान्न तथा हाल वसोवास गरी रहेको घर पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण रुपमा नष्ट नभए पनि सम्भावित खतरावाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई राहतस्वरुप रु ५० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउने ।

छ ) मनसुनको समयमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भै घरवारविहिन हुने परिवारलाई नेपाल सरकारले तोके बमोजिम राहत प्रदान गराउन सम्वन्धित निकायसति समन्वय र सहजीकरण गर्ने ।

ज ) कृषि, पशुपंक्षी क्षेत्रका लाभग्राही तथा विपतका वखत विशेषगरी सुत्केरी, गर्भवती, वालवालिका, किशोरीहरु र अपाङ्गता भएका व्यक्तिहरु राहत दिनु पर्ने भएमा सम्वन्धित शाखाको सिफारिसमा उपयुक्त राहतको व्यवस्था गर्ने ।

७.२ ) ७.१ माथि जुनसुकै कुरा उल्लेख भए पनि विपत प्रभावितहरुको आवश्यकतालाई ध्यान दिइ विपद व्यवस्थापन समिति वा कार्यपालिकाको वैठकले निर्णय गरी राहत रकम वा अन्य वस्तुगत सहयोग उपलब्ध गराउन सक्नेछ । यसैगरी विशिष्ट प्रकारको विपदको लागि प्रदान गरिने राहत रकम वा जिन्सि सामान उपलब्ध गराउन विपदको लेखाजोखा गर्न महानगरपालिकाले प्राविधिक खटाउने छ र सो को आधारमा राहत वितरण गर्न सकिनेछ ।

७.३ विषयगत क्षेत्रको राहत सकेसम्म राहत वितरण गर्दा स्फिएर Sphere मापदण्ड तथा विषयगत क्षेत्रले तोके अनुसार हुनेछ । प्रत्येक विषयगत क्षेत्रले राहत सामाग्रीको सूची निरन्तर अद्यावधिक गर्नेछन् । उदाहरणको लागि आपत्कालीन आश्रयस्थल, खाद्य र गैर खाद्य राहत सामाग्री यस प्रकार हुनेछ ।

**आपत्कालीन आश्रयस्थल, गैर खाद्य र खाद्य सामाग्री**

घरमुलीको ६ जनाको परिवारलाई आधार मानेर निम्नानुसारको राहत सामग्री उपलब्ध गराइने छ ।

| सामग्रीको नाम | इकाई | जम्मा |
|---|---|---|
| त्रिपाल | थान | २ |
| नाइलन डोरी | केजी | १.५ |
| कम्वल | थान | २ |
| म्याट्रस | थान | २ |
| किचन सेट (ढक्कन सहितको देक्ची ४, थाल ३ गिलास ४, डाडु १, पन्युं १) | सेट | १ |
| महिलाको सारी | | विपद प्रभावित व्यक्तिहरुलाई आवश्यकताको |
| सर्टको कपडा | | |
| पैन्ट कपडा | | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| छिटको कपडा | | आधारमा उपलब्ध गराउने |
| पाप्लीन कपडा | | |
| झोला | थान | १ |

यसका अलावा अन्य सामानहरु जस्तै सोलार बत्ती, स्टोभ, तेल जस्ता सामाग्री पनि थप्न सकिनेछ ।

**खाद्य सामाग्री (तत्कालिन अवस्थामा -विपद् भएको ५ दिन सम्म, पूर्ण खाद्य सामाग्री नभएको अवस्थामा)**

| सामाग्री | इकाइ | मात्रा (प्रतिव्यक्ति प्रतिदिन) |
|---|---|---|
| चिउरा | ग्राम | २५० |
| चउचाउ | प्याकेट | १ |
| विस्कुट | प्याकेट | १ |
| चिनी | ग्राम | १०० |
| नुन | ग्राम | आवशयकता अनुसार |

**खाद्य सामाग्री (५ दिन पछि)**

| सामाग्री | इकाई | २ जना सम्मको परिवार | ३-५ जना सम्मको परिवार | ६ जना भन्दा माथि भएको परिवार |
|---|---|---|---|---|
| चामल | के.जी | ५ | १० | १५ |
| दाल | के.जी | ०.५ | १ | १.५ |
| तेल | लि. | ०.५ | १ | १ |
| नुन | के.जी | १ | १ | १ |
| हात धुने साबुन | थान | १ | १ | १ |

मानवीय सहयोग मापदण्ड: प्रभावितहरूको पहुँच निम्न वस्तुमा हुनेछ: (१) प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्तहुने गरी खाद्यान्न, सम्भव भएसम्म निश्चित समूहका व्यक्तिहरूका ( साना बालबालिका, एच.आई.भी.भएका, कुपोषित व्यक्तिहरू आदि) लागि उनीहरूको आवश्यकतालाई पूरा गर्न सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्न सकिने) ।

## ८. राहतको तयारी, व्यवस्थापन तथा वितरण सम्बन्धी प्रक्रिया

८.१) टोल विकास संस्था समेतको समन्वयमा लाभग्राहीहरुलाई सूचीकरण गरी वडास्तरीय टोल विकास संस्थाको निर्णय बमोजिम राहत वितरण गर्ने व्यवस्था मिलाइनेछ। विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तिको विवरण तत्काल संकलन गरिनेछ । तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची एक दिनमा नै तयार गर्नुपर्नेछ ।. विषयगत क्षेत्रको राहतको लागि सूचीलाई परिमार्जन गर्न सकिनेछ ।



Scanned with CamScanner

८.२) टोल विकास संस्थाले संकलन गरेको विवरणलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाई छुटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ। यसको लागि विपद्को प्रभावको आधारमा वडाले प्रारम्भिक राहतको लागि एकदिन भित्र पुनरावलोकन गर्नुपर्नेछ। यद्यपि जीवन सुरक्षा गर्ने सम्वन्धी राहत कार्य अन्तिम सूची आइनपुग्दै पनि गरिनेछ।

८.३) वडास्तरीय विपद् व्यवस्थापन समितिले बुझाएको राहत प्राप्त गर्ने विवरणलाई महानगरस्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्न सक्नेछ।

८.४) मानवीय क्षति तथा आश्रयस्थलको क्षति अनुसार प्रदान गरिने भनिएको राहत रकम महानगरपालिका स्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ।

८.५) विषयगत क्षेत्रको राहत सामाग्री उपलब्ध हुने र भण्डारण गर्ने प्रक्रिया विषयगत क्षेत्रमा कार्यरत सदस्यहरुले उपलब्ध गराउने छन्।

८.६) आवश्यकता अनुसार महानगरपालिकाको राहत सामाग्री कक्षमा राहत संकलन गरिनेछ।

८.७) आपत्कालीन कार्यसंचालन केन्द्रले नदोहोरिने किसिमवाट राहत वितरण योजना तयार गर्नेछ।

८.८) वन्दोवस्ती विषयगत क्षेत्रको अगुवाईमा र विषयगत क्षेत्रको समन्वयमा विषयगत क्षेत्रसंग सम्वन्धित राहत वितरण कार्य सम्पन्न गरिनेछ।

८.९) अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा राहत वितरण केन्द्रमा आउन नसक्ने व्यक्तिको लागि घरमा नै राहत सामाग्री उपलब्ध गराइनेछ।

८.१०) राहत वितरण पश्चात राहत सामाग्रीमाथि लाभाग्राहीको सन्तुष्टि मापन गर्न सर्भेक्षण गरिने छ र त्यसवाट प्राप्त नजितालाई आगामी दिनहरुमा राहत वितरण गर्दा ध्यान दिइने छ।

## ९. कारवाही सम्बन्धी व्यवस्था

९.१) यस मापदण्डमा तोकिएको अवस्था पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन।

९.२) यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफासि गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम निजवाट असुल गरिनेछ।

## १०. राहत वितरण सम्बन्धी अभिलेख राख्नुपर्ने


राहत वितरण भएको विवरणको अभिलेख वडा समिति कार्यालय मार्फत आपत्कालीन कार्यसंचालन केन्द्रमा राख्नेछ र सो को विवरण आवश्यकता अनुसार जिल्ला, प्रदेश तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइनेछ।

## ११. विविध

११.१) आपत्कालीन अवस्थामा राहत वितरण गर्दा अन्तरराष्ट्रिय अभ्यास अनुसार राहतको लागि नगद उपलब्ध गराउन प्रयास गरिनेछ । यद्यपि जिन्सी सामान उपलब्ध गराउने निर्णय भएमा आपत्कालीन अवस्थाको लागि प्रचलित कानुनको अधीनमा रही छिटोभन्दा छिटो राहत सामाग्री उपलब्ध गराइनेछ ।

**१२. अनुसूचीहरु :**

**अनुसूची १ : आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सांगठनिक संरचना**






Scanned with CamScanner

अनुसूचीः २. : आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी विषयगत क्षेत्र

| विषयगत क्षेत्र | संयोजक (महानगरपालिकाबाट) | सदस्यहरु |
|---|---|---|
| शिक्षा | शैक्षिक प्रशासन महाशाखा प्रमुख | • प्रारम्भिक वालविकास तथा आधारभूत शिक्षा शाखा प्रमुख<br>• माध्यामिक शिक्षा शाखा प्रमुख<br>• शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु |
| स्वास्थ्य तथा पोषण | जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | • जनस्वास्थ्य प्रवर्द्धन शाखाका प्रतिनिधि<br>• महिला, वालवालिका तथा समाज कल्याण शाखा प्रमुख<br>• नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>• सरकारी तथा नीजि अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि<br>• क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>• संचार माध्ययमका प्रतिनिधि |
| आश्रयस्थल, खाद्य तथा गैर खाद्य | आर्थिक विकास महाशाखा प्रमुख | • भूउपयोग तथा वस्ती विकास शाखा प्रमुख<br>• कृषि तथा पशुपंक्षी व्यवसाय शाखा प्रमुख<br>• उद्योग तथा व्यवसाय प्रवर्द्धत् शाखा प्रमुख<br>• उद्योग वाणिज्य संघ, वाणिज्य संघ तथा उद्योग परिसंघका प्रतिनिधिहरु<br>• नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>• क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>• संचार माध्ययमका प्रतिनिधि |
| खानेपानी तथा सरसफाई | शहरी पूर्वाधार विकास महाशाखा प्रमुख | • अन्य पूर्वाधार विकास शाखा प्रमुख<br>• सरसफाई व्यवस्थापन शाखा प्रमुख<br>• नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>• क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>• संचार माध्ययमका प्रतिनिधि |
| संरक्षण | महिला, वालवालिका तथा समाज कल्याण शाखा प्रमुख | • सामाजिक सुरक्षा तथा पंजिकरण शाखा प्रमुख<br>• नेपाल प्रहरीका प्रतिनिधि<br>• संरक्षणमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु |

| | | |
|---|---|---|
| | | • नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>• संचार माध्ययमका प्रतिनिधि |
| वन्दोवस्ती | आन्तरिक व्यवस्थापन तथा खरिद शाखा प्रमुख | • प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख<br>• दुर संचार प्राधिकरणका प्रतिनिधि<br>• नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख<br>• सुरक्षा निकायका प्रतिनिधि<br>• उद्योग वाणिज्य संघ, वाणिज्य संघ तथा उद्योग परिसंघ |
| खोज तथा उद्धार | नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख | • नगर प्रहरी व्यवस्थापन शाखा प्रमुख<br>• सुरक्षा निकायका प्रतिनिधि<br>• नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>• नगर वारुण यन्त्र शाखाका प्रतिनिधि<br>• सरकारी तथा नीजि अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि |



Scanned with CamScanner